म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्षः१६ अङ्कः- ७३ २०८१ माघ १७ गते बिहीबार 30 January 2025, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## माहुरीले चिलेर पोखरेलको मृत्यु

हेटौंडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-२२, पकौडीमा माहुरीले चिलेर एक जना वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा ८८ वर्षीय यदुविलास पोखरेल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मंगलबार साँझ ५ बजेर ४५ मिनेटको समयमा पोखरेल ढलेको रुखको जरामा निकाल्ने क्रममा माहुरीले चिलेर एक्कासी लडेका थिए । पोखरेललाई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । उपचारको क्रममा पोखरेलको मंगलबार बेलुकी ७ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## सहिदको बलिदानबाटै देशमा गणतन्त्रः देवकोटा



समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका प्रमुख दीपक प्रसाद देवकोटाले सहिदहरुको त्यागका कारण व्यवस्था परिवर्तन सम्भव भएको बताउनुभएको छ । उहाँले सहिदहरुको बलिदानको कारण देशमा गणतन्त्रात्मक शासन व्यवस्था लागु भएको बताउनुभयो ।

हेटौंडा-११ स्थित सहिद स्मारकमा आयोजित सहिद दिवस २०८१ समारोहलाई सम्बोधन गर्नुहुँदै प्रदेश प्रमुख देवकोटाले मानव इतिहासकै अधिकतम स्वतन्त्रताको युगमा नेपाल रहेको बताउनुभयो । विगतमा नपाएको मौलिक र मानव अधिकारको उपयोग वर्तमान व्यवस्थामा गर्न पाएको उहाँको भनाई छ । न्याय, स्वतन्त्रता, अस्तित्व र गौरवका लागि अमूल्य जीवन उत्सर्ग गर्ने वीर सहिदहरुलाई सधैं स्मरण गरिरहनुपर्ने प्रदेश प्रमुख देवकोटाले बताउनुभयो । सहिदहरुको त्यागलाई सप्ताह र दिवसमा मात्र सीमित नराखी मुलुकको समृद्धिको बाटोमा अघि बढ्नुपर्ने उहाँको भनाई थियो ।

कार्यक्रममा मुख्यमन्त्री बहादुर सिंह लामाले लोकतन्त्र र गणतन्त्र स्थापनामा सहिदहरुको ठूलो योगदान रहेको बताउनुभयो । सहिदहरुको सम्मानमा स्मारकको पनि महत्वपूर्ण भूमिका रहेको उहाँले बताउनुभयो । मुख्यमन्त्री लामाले इतिहास झल्काउने पुरातात्विक सम्पदाहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नुपर्ने बताउनुभयो। उहाँले सहिदहरुको मार्गदर्शनलाई पहिल्याउँदै देश विकासको गतिमा अघि बढ्नु पर्ने बताउनुभयो । सभामुख भुवन कुमार पाठकले १०४ वर्षीय जहानीया राणाशासनको कालो कालखण्डलाई चिर्न र जनतालाई अधिकार सम्पन्न बनाउन सहिदहरुले भूमिका निर्वाह गरेको बताउनुभयो । सहिदहरुको बलिदान कै कारण देशमा प्रजातन्त्र स्थापना गर्न सम्भव भएको उहाँको भनाई छ । सभामुख पाठकले सहिदहरुको बहादुरीकै कारण नेपाल कुनै पनि विदेशी राष्ट्रहरुको अधिनमा रहन नपरेको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, बागमती प्रदेश सरकारका मन्त्रीहरु, पूर्वमन्त्री तथा प्रदेश सभा सदस्यहरु, कर्मचारी, राजनीतिकर्मी, सुरक्षा निकायका प्रमुखहरु, विद्यार्थी लगायत सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो । बागमती प्रदेश सरकारको आयोजनामा भएको उक्त कार्यक्रममा श्रीचन्द्र शर्मा स्मृति सम्मान पुरस्कार २०८१ बाट कवि एवम् साहित्यकार तुलसी घिमिरेलाई सम्मान गरिएको थियो ।

प्रदेश सरकारले विभिन्न कार्यक्रम आयोजना गरी सहिद दिवस ३ दिनसम्म मनाउने निर्णय अनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सहिद दिवस मनाउन मुल समारोह आयोजक समिति गठन समेत गरेको थियो । मन्त्रालयले १४, १५ र १६ गते 'तीन दिन' विशेष कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो । उक्त निर्णय अनुसार प्रदेश सरकारले सरसफाई, निबन्ध प्रतियोगिता, दीपप्रज्वलन लगायतका कार्यक्रम आयोजना गरेको थियो ।

### राष्ट्रिय बुद्धिचाल प्रतियोगिता

## पुरुषतर्फ रुपेशको अग्रता कायमै

समाज संवाददाता

हेटौंडाः नेपाल बुद्धिचाल महासंघको आयोजनामा १० औं महिला तथा २५ औं पुरुष राष्ट्रिय बुद्धिचाल प्रतियोगिता हेटौंडामा सञ्चालन भइरहेको छ। बुधबार चौथो दिनको खेल चलिरहँदा महिलातर्फको प्रतिस्पर्धामा काठमाडौंकी सिन्दिरा जोशी र एञ्जल महर्जनले संयुक्त पहिलो स्थान कब्जा गरेका छन् ।

छैटौं चरणको खेल समाप्त हुँदा साबिक विजेता सिन्दिरा जोशीलाई कडा टक्कर प्रस्तुत गरेकी १३ वर्षीया एञ्जलले समान ५ अंकमा रहँदै रोचक अंक तालिका बनाएकी हुन् । सिन्दिराले झापाकी कृतिसारा अधिकारीसँग खेल बराबरी गर्दा एकल अग्रता कायम गर्ने मौका चुकाएकी छिन् भने एञ्जलले ताप्लेजुङकी सुशीला गुरुङलाई हराउँदै स्कोर बराबर गर्न सफल भइन् ।

प्रतिस्पर्धामा साढे ४ अंक बनाउँदै संयुक्त दोश्रो स्थान ओगट्न सफल बाँकेकी इशा गिरी र मोरङकी शान्ति धिमालले शीर्ष खेलाडीलाई पछ्याइरका छन्। खेलमा इशाले निहाना श्रेष्ठ र शान्तिले नयुमा मगरलाई पराजित गर्न सफल रहे । झापाकी पुनम प्रसाईं र काठमाडौंकी बिनिता कपाली संयुक्त तेस्रो स्थानमा रहेका छन् । छैटौं चरणको खेलमा बिनितालाई हराएर पुनमले महत्वपूर्ण अंक जोडेकी हुन् ।



पुरुषतर्फको स्पर्धामा एफएम रुपेश जैसवालले ६ चरणको खेलमा ५.५ अंक जोडेर आफ्नो अग्रता कायम राखेका छन् । पूर्व नेपाल च्याम्पियनसमेत रहेका रुपेशले पोजिसन डाउन अवस्थामा अनुभव प्रयोग गर्दै खेल उल्टाएका हुन् ।

दोश्रो स्थानका लागि कडा प्रतिस्पर्धामा मकवानपुरका एफएम क्षितिज भण्डारी, दोलखाका आशीष फुँयाल र काठमाडौंका पुरुषोत्तम सिलवाल समान ४ अंक बनाएर रुपेशलाई पछ्याइरहेका छन् । अन्य चार जना खेलाडीले साढे ३ अंक जोडेर तेस्रो स्थानलाई साझा बनाएका छन्। जसमा झापाका सिएम शुश्रुत दहाल, काठमाडौंका एफएम रिजेन्द्र राजभण्डारी, वर्तमान नेपाल च्याम्पियन राजन सुवेदी र काठमाडौंका प्रेमकृष्ण महर्जन रहेका छन्। प्रतियोगिताका संयोजक महासंघका महासचिव धरमबहादुर लामो प्रतियोगिताको विजेतालाई काजकिस्तानमा हुने ४६ औं ओलम्पियाड, श्रीलंकामा हुने अन्तर्राष्ट्रिय प्रतियोगिता र अन्य अफिसियल खेलमा महासंघले सहभागी गराउने बताउनुभयो। मकवानपुर जिल्ला बुद्धिचाल संघको व्यवस्थापनमा प्रतियोगिता सञ्चालन भएको हो ।




## ल्होसारको अवसरमा मुख्यमन्त्री लामा सम्मानित

समाज संवाददाता

हेटौंडाः तामाङ समुदायले नयाँ वर्षको रुपमा माघ शुक्ल प्रतिपदाका दिन मनाउने सोनाम ल्होसार पर्व आज बिहीबार देशभर विविध कार्यक्रम आयोजना गरी मनाइँदैछ। 'ह्याङ्लान काओीरन ह्याङ्लान काओी- जम्बुलिङरी छार्ना लाओी' भन्ने मुल नाराका साथ २८६१ डुल सा पुख्री ल्हो (सर्प वर्ग) सोनाम ल्होसार पर्व मनाइँदैछ।

मकवानपुरमा पनि तामाङ सांस्कृतिक महोत्सव र वृहत् सांस्कृतिक कार्यक्रम आयोजना गर्दै ल्होसार पर्व मनाइँदैछ । मुलुकका विभिन्न भागमा बसोबास गर्ने तामाङसहित ह्योल्मो, थकाली, जिरेल, नेस्याङ्वा, भोटे, दुरा, लेप्चा आदि जातिले समेत आ-आफ्नै शैली र परम्पराअनुसार यो पर्व मनाउँदै आएको पाइन्छ। तामाङ जातिको बाहुल्यता रहेको बागमती प्रदेशका विभिन्न जिल्लामा यो पर्व विशेष रुपमा मनाइन्छ ।

यस वर्षको पर्वमा सरकारले देशभर सार्वजनिक बिदा दिएको छ । मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्गमा सोनाम ल्होछारलाई विभाजन गरिएको छ । ल्होछारका १२ वटै वर्ष पशुपन्छीको नामबाट गणना गरिएकाले प्रकृतिपूजक रहेको छ ।

बोम्बो, ताम्बा डम्फुरेसहितको न्याली तथा झाँकी प्रदर्शन, शुभकामना आदानप्रदान तथा सम्मानसँगै मकवानपुरे तामाङ कलाकारहरुको प्रस्तुति र तामाङ मौलिक भेषभुषा तथा खानाका परिकारहरु प्रदर्शन गर्दै मकवानपुरमा सोनाम ल्होछार पर्व मनाइँदैछ । मकवानपुरको मनहरी गाउँपालिकामा बुधबारबाट वृहत् सांस्कृतिक कार्यक्रम सुरु भएको छ। पहिलो दिन कार्यक्रममा बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुर सिंह लामादेखि ज्येष्ठ नागरिक, समाजसेवी, पत्रकारलाई सम्मानित गरिएको छ । दोस्रो दिन आज बिहीबार मनहरीमा कलाकार ज्योति मगरको सांगीतिक प्रस्तुति हुनेछ । यता, बागमती प्रदेशको राजधानी हेटौंडामा निर्माणाधीन तामाङ संग्रहालय भवन निर्माण सहयोगार्थ तामाङ सांस्कृतिक महोत्सव हुँदैछ ।

मनहरीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामाले सोनाम ल्होछारले तामाङ समुदायलाई एकतामा जोड दिएको जानकारी दिनुभयो। बागमती प्रदेश सरकारले तामाङ र नेपाल भाषा ऐन बनाएर कार्यान्वयनमा ल्याएको जानकारी दिनुहुँदै भाषा, पहिचान, संस्कृति संरक्षण र सम्वर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । तामाङ समुदायदेखि चेपाङ समुदायको संस्कृति बचाएर पर्यटकीय आकर्षण गराउन सक्ने भएकाले मनहरीमा पार्क निर्माणका लागि बागमती प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

कतिपयले राजनीतिक आडमा आफ्नो मान्छेलाई सिफारिस गरिएको आरोपको खण्डन गर्नुहुँदै उहाँले क्षमताको आधारमा तामाङ समुदायका व्यक्तिलाई विभिन्न पदमा नियुक्त गरिएको जानकारी दिनुभयो। यसैगरी, तामाङ घेदुङ समन्वय समिति केन्द्रीय पूर्वमहासचिव काजीमान थिङले शिक्षा नीतिका कारणले नै तामाङ समुदाय पछाडि परेको बताउनुभयो । कार्यक्रममा बागमती प्रदेश सरकार सहकारी तथा गरिबी निवारण मन्त्री मधुसुदन श्रेष्ठ, तामाङ घेदुङ समन्वय समिति मकवानपुरका अध्यक्ष कालु घलानलगायतको आतिथ्य रहेको थियो ।



## सम्पादकीय

# सहिदको सपना र सम्मान

नेपालमा हरेक वर्ष माघ १६ गते सहिद दिवस मनाइन्छ । माघ १० गतेदेखि नै सहिद सप्ताहसँगै माघ १६ गते सहिद दिवस मनाउने गरिएको छ । आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रता प्राप्तिका लागि बलिदान दिएर लोकहितकारी काम गरेका अमर व्यक्तिलाई सहिद भनिन्छ । व्यक्तिगत वा पारिवारिक स्वार्थभन्दा माथि उठेर समाज, राष्ट्र, देश र जनताको भलाईका लागि आफ्नो ज्यानको समेत बलिदान दिने व्यक्ति सहिद हुन् । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा अन्य स्वतन्त्रता वा परिवर्तनका लागि भएका आन्दोलनहरुमा कुनै न कुनै व्यक्तिले आफ्नो जीवन बलिदान दिएका हुन्छन् र सहिदको रुपमा सम्मान पाएका हुन्छन् । हरेक देश र समाजले सहिदलाई महान् ठानेर उनीहरुको वीरता र योगदानको कदर गर्नुपर्छ । यसैकारण नेपालको भूभागको रक्षा गर्न वा राजनीतिक व्यवस्था परिर्वतनका लागि भएका युद्ध तथा आन्दोलनका सहिदको स्मरण गर्न सहिद दिवस मनाउने गरिएको हो ।

ज्ञात अज्ञात सहिदप्रति श्रद्धाभाव प्रकट गरी उनीहरुको योगदान स्मरण गर्दै उनीहरुको सपना पूरा गर्न प्रतिबद्ध हुने विशेष दिन सहिद दिवस हो । नेपाल एकीकरण अभियान, नेपाल-अंग्रेज युद्ध तथा नेपाल-तिब्बत युद्धका क्रममा धेरै नेपालीले आफ्नो बलिदान दिएका थिए । निरंकुश राणा शासन अन्त्य गरी प्रजातन्त्र स्थापनाको लागि भएका विभिन्न संघर्षको क्रममा सहादत प्राप्त गरेका सहिदहरुको सम्मानका लागि प्रजातन्त्र स्थापनापछि हरेक वर्ष सहिद दिवस मनाउने गरिएको छ । जंगबहादुर राणाविरुद्ध प्रचार गरेको आरोपमा विसं १९३३ फागुन २ गते गोरखाको मनकामना मन्दिर नजिकैको रुखमा झुण्ड्याएर मारिएका लखन थापालाई नेपालको पहिलो सहिद मानिन्छ । राणा शासनविरुद्ध राजनीतिक संगठन खोलेर पर्चा छरेको अभियोगमा क्रुर यातनासहित मृत्युदण्ड पाएका शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठलाई नेपालमा सहिदको विशेष स्थान दिएको पाइन्छ ।

नेपालमा राणा शासनको विरोधबाट राजनीतिक आन्दोलन सुरु भएको हो । त्यसयता मुलुकमा धेरै प्रकारका आन्दोलनहरु भएका छन् । ती सबै आन्दोलनको क्रममा थुप्रै व्यक्ति सहिद भएका छन् । जुन उद्देश्य र अठोट लिएर आन्दोलन भए, सहिदले जुन कुरा प्राप्तिका लागि आफ्नो ज्यानको बलिदान दिए, ती कुरा व्यवहारमा पाइएको छैन । यो वा त्यो व्यवस्था परिवर्तन भए पनि आम नागरिकको अवस्थामा परिवर्तन ल्याउन सकेन । सहिदको सपना पूरा गर्छौं भनेर शासन सत्तामा पुगेकाहरु पनि आफू र आफ्नो आसेपासेकै सपनामा रमाउने गर्दछन् । भाषणमा सहिदको गुणगान गाउँदै सहिदको सपना पूरा गर्ने आश्वासनकै कारण पदमा पुगेकाहरुबाटै सहिदको योगदानको अवमूल्यन भइरहेको छ । जस्तोसुकै घटनामा मारिएका र जुनसुकै व्यक्तिलाई सहिद घोषणा गर्ने परिपाटीले सहिदको गरिमालाई थप कमजोर बनाइरहेको छ ।

सहिदले प्राण उत्सर्ग गरेकै कारण प्राप्त भएको प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक, संघीय शासन व्यवस्थाबाट सहिदका परिवार र आम नागरिकको जीवनमा के परिवर्तन भयो भन्ने सबैभन्दा महत्वपूर्ण हुन्छ । वर्षको एक दिन सहिद दिवस मनाएर सहिदको बलिदानको बखान गाएर उनीहरुको सम्झनामा आँशु झार्दैमा सहिदको सम्मान हुँदैन । वर्षभरि सहिदलाई बिर्सनेले सहिद दिवसमा पनि सहिदलाई नसम्झेकै उचित हुनेछ । सहिदको सपना पूरा गर्ने नाममा आफू, परिवार र आफन्तको सपना पूरा गर्नेहरुले सहिदको सपना पूरा गर्न सम्भव छैन । सहिदको सपना पूरा गरेर देशलाई समृद्ध बनाउन कुनै राजनीतिक दल र नेतृत्व उदासिन बन्नुले सहिद दिवस मनाउने कामलाई पनि औचित्यहिन बनाइरहेको छ । सहिदका सपना सार्थक बनाउने दिशामा गम्भीर तथा इमानदार नहुँदासम्म सहिदले सम्मान र न्याय पाउन नसक्ने निश्चित छ ।

# सहिदको आँशु



✍सिएम रिमाल




सहिद, जसले आफ्नो जीवनको अमूल्य समय र स्वयम् जीवन नै राष्ट्र र जनताको हितमा अर्पण गरे, इतिहासका उज्यालो पाटाहरु हुन् । उनीहरूले देखेका सपना थियो समानता, स्वतन्त्रता र समृद्धिको । उनीहरूको त्यागले नेपालमा अधिकारको चेतना भऱ्याङ चढ्न थाल्यो । तर आज, सहिदहरुको सपना र वास्तविकताको बीचमा ठूलो खाडल देखिन्छ । सहिदहरूले जुन नेपालको कल्पना गरेका थिए, त्यो वर्तमान अवस्थामा हराएको छ । सहिदहरूलाई माला चढाएर, स्टाटस लेखेर र भाषण ठोकेर मात्र कृतज्ञता व्यक्त गर्न सकिन्छ जस्तो नेताहरूलाई लाग्छ तर सहिदका सपनाहरू भाषण र फूलमालाको भ्रमभित्र गुमनाम भइरहेका छन् ।

नेताहरूको व्यवहारले सहिदहरूको त्यागलाई व्यङ्ग्य गरेको जस्तो देखिन्छ । सहिदका सपना अहिले केवल भाषणको मसला बनेका छन् । 'समानता' का लागि ज्यान दिने सहिदहरूको बलिदानको नाममा महँगा पाँचतारे होटलमा बैठक बस्ने नेताहरू समानताका सबभन्दा ठुला दुश्मन बनिरहेका छन् । जनताको हक र अधिकारका लागि ज्यान दिने सहिदको नाममा महँगा योजना पास गरेर त्यो बजेट आफैंको बङ्गला र विलासी गाडीमा खर्च गर्ने नेताहरू नै आजको वास्तविकता हो । सहिदहरूको नाममा उभिएर भाषण दिने नेताहरूले सहिदका आदर्शलाई सस्तो राजनीति गर्न प्रयोग गरेका छन् । सहिद दिवसमा फूलमाला र झन्डा लिएर जाने, फोटो खिच्ने, सामाजिक सञ्जालमा सहानुभूतिका शब्द पोस्ट गर्ने र भोलिपल्ट भ्रष्टाचारको अर्को योजना बनाउने काम गर्नुलाई हामीले सहिदप्रतिको सम्मान मान्ने कि अपमान ?

नेपाली राजनीतिमा सहिदका नाममा योजनाहरू बनाइन्छन् तर ती योजना केवल कागजमै सीमित रहन्छन् । विकासका नाममा नेता र ठेकेदारबीच मिलेमतो हुन्छ । सहिदका सपनाहरूलाई बेचेर ठूला ठेक्काका नाटकहरू गरिन्छन् । 'सहिद पार्क' बनाउने भनेर बजेट छुट्याइन्छ तर त्यो पार्क कहिल्यै पूरा हुँदैन । सडक र पुल उद्घाटन गरिन्छ, जसको आयु एक वर्ष पनि हुँदैन । यस्तो अवस्थामा सहिदहरूको सपना राजनीतिक स्टन्टभन्दा केही बढी भएको देखिन्न ।

सहिदले न्याय, समानता, र स्वतन्त्रताको सपना देखेका थिए । उनीहरूले समृद्ध नेपाल निर्माणको कल्पना गरेका थिए । तर आज, न्याय केवल कानूनका किताबमा सीमित छ । समानताको नाममा गरिबहरू झन् गरिब बन्दै गएका छन् भने धनीहरू अझ धनी । शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकता नेताहरूको विलासितामा रुपान्तरण भएका छन् । सरकारी अस्पताल र विद्यालयको हालत दयनीय छ । गरीबले उचित उपचार पाउँदैन भने विद्यालयका विद्यार्थी गुणस्तरीय शिक्षाबाट वञ्चित छन् । सहिदका सपना नेताहरूका भाषण र नीतिमा सीमित हुन पुगेका छन् ।

सहिदले देखेको नेपालको निर्माणका लागि नेताहरूले अब आत्ममूल्यांकन गर्नुपर्ने समय आएको छ । सहिदप्रतिको साँचो सम्मान भनेको उनीहरूको सपना कार्यान्वयन गर्नु हो । भाषण र माला चढाएर मात्रै सहिदप्रतिको कृतज्ञता व्यक्त हुँदैन । उनीहरूले देखेको समाज निर्माणका लागि शिक्षा, स्वास्थ्य र समानताको सुनिश्चितता आवश्यक छ । सहिदहरूको बलिदानबाट हामीले पाठ सिक्नुपर्छ, किनकि सहिदहरूको त्याग केवल अहिलेका नेताहरूको विलासी जीवनका लागि थिएन । सहिदले एउटा उज्यालो भविष्य देखेका थिए, जसमा प्रत्येक नेपालीले स्वतन्त्रता, समानता र न्यायको महसुस गर्नेछ ।

नेताहरूले सहिदहरूको नाममा गरेको राजनीति अब समाप्त हुनुपर्छ । सहिदहरूले दिएका बलिदान नेताहरूका व्यक्तिगत स्वार्थ पूरा गर्ने साधन बनेका छन्, जुन अपमानजनक हो । सहिदहरूले दिएको आत्मबलिदानमा आत्मसम्मान छ, त्यो अपमान सहिद दिवसका भाषणले ढाकछोप गर्न सक्दैन । आज सहिदप्रतिको साँचो श्रद्धाञ्जली भनेको उनीहरूको सपना कार्यान्वयन गर्नु हो । जसले गर्दा उनीहरुको बलिदान खेर जाँदैन र नेपालले सही दिशामा प्रगति गर्न सक्छ । सहिदका सपनाहरुलाई पुनः जीवित पार्नुपर्ने यो क्षणमा नेताहरुले गम्भीरता देखाउन नसके, इतिहासले उनीहरुलाई कहिल्यै माफ गर्नेछैन ।

*सहिदको नाममा ठूला कुरा गर्छन्*
*पाइलैपिच्छे भ्रष्ट्राचार गर्छन्*
*स्वर्ग जस्तै देश बनाउँछु भन्छन्*
*तर ट्याक्स लगाएर हावा बेच्छन्*

# हेटौँडा शैक्षिक शहर बन्न सक्छ



✍देवप्रसाद श्रेष्ठ

चितवन जिल्लाको भरतपुरको विकास मकवानपुर जिल्लाको हेटौँडा भन्दा पछि भएको हो । २०२५/३० सालसम्म चितवनबासी काठमाडौं जान हेटौँडा भएर जानु पर्दथ्यो । अहिले चितवन जिल्लाको भरतपुर सबै सुविधाले देशकै सम्पन्न शहर मध्येमा गनिन्छ । शहरको बाटो फराकिलो र मूल सडक एसियाली मार्गको मापदण्ड अनुसार बनेको छ । हरेक सुविधा सम्पन्न ठुल्ठुला मेडिकल कलेज र अस्पतालहरुमा सर्वसाधारण जनतादेखि सम्पन्नहरुले पनि सेवा लिइरहेका छन् । सबै रोगको उपचार भरतपुरमा सम्भव छ । विद्यालय, महाविद्यालयहरु यत्रतत्र सर्वत्र छन् भने अधिकांश प्राविधिकस्तरमा समेत उच्च शिक्षा हासिल गर्ने सुअवसर यहाँ उपलब्ध छ । कृषिको हिसाबले यो जिल्लामा सबै किसानले ३ बाली भित्र्याउँछन् ।

दूरदराजका गाउँ-गाउँसम्म मोटर बाटो पुगेको छ । बाटोको सुविधा भएकै कारण यहाँका के पुरुष के नारी सबै-सबै साइकल चढेर आफ्नो उब्जनी र सामान ओसार-पसार गर्छन् । देशमै सबैभन्दा बढी साइकल यहीँ चलेको छ । खेलकुदमा पनि ठूलो सम्भावना बोकेको शहर हो यो । अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशाला बन्न लागेको छ । धार्मिक, सांस्कृतिक, कृषि उब्जनीको र पर्यटकीय हिसाबले त यो शहर र जिल्ला अब्बल हो नै ।

हाम्रो हेटौँडा ३ वटा महानगर (काठमाडौ, बीरगंज र भरतपुर) को बीचमा छ । फ़ेरि देशकै ठूलो प्रदेशको राजधानी भएर पनि आज भन्दा ४०/४५ वर्ष अगाडि पूर्वाधार तयार भएको मूल सडक, अरु सबै शहरहरुका राजमार्ग टिलिक्क टल्किएर सुन्दर शहरको निर्माण भइसके पनि यहाँको मूल सडकको खिचलो टुंगिन नसक्दा लठाब्रजमा परेको छ । बाटो भत्काउने र भत्काउन नदिने बीच पैसा र शक्तिको ठूलै चलखेल चलेको छ । यो समस्याको समाधान गर्ने सामर्थ्य कसैको छैन । जस्को मार एकथरि जनताले वर्षौंदेखि भोगिरहेका छन् भने बाटोको अनिश्चितता र अस्तव्यस्त हुनुका साथै नगरबासीलाई चिन्तित बनाएको छ ।

शक्तिमा बसेका नेताहरू एक आपसमा शक्ति प्रदर्शन र हानथाप गरिरहेका छन् । यो समस्याको समाधान गर्ने साहसी नेतृत्व हेटौँडाले जन्माउनै सकेन । हेटौँडाको अर्को समस्या अव्यवस्थित फ़ोहोरलाई तह नलगाउनु हो । केहि दिन अगाडि राप्तीको बगरमा असरल्ल जथाभावी फ्याँकिएका फोहरमा आगो लागेर प्रदुषण फैलाइरहेको दृश्य । प्राकृतिक रुपले समेत सुन्दर शहरलाई यही फ़ोहोरले प्रदुषित बनाएको छ । यो समस्याको दीर्घकालीन समाधनको सोँच बनाएर समाधान नगर्ने हो भने राप्ती नदि काठमाडौंको बागमती, बिष्णुमतीमा रुपान्तरण हुन्छ नै । अहिले पनि यो खोलाबाट पुरानो रैथाने माछाहरु हराउँदै गइसकेको छ । उपमहानगर पालिकाले घर-घरमा गएर ट्याक्टरबाट फ़ोहोर उठाउँदैमा समस्या समाधान हुँदैन ।

आजभन्दा ५०/६० वर्ष अगाडिसम्म केहि घर र थोरै जमिन मात्र आवाद भएको ठाउँमा रुख, झारपाट, बुट्यान र बगरले भरिएको हेटौँडामा आज कहिँ कतै एक टुक्रा जमिन खाली बाँकी छैन । हेटौँडा अस्पतालको पछाडि चौकीटोलदेखि दक्षिणतिरको त्यो ठुलो बगर नदि उकासको नाउँमा भूमाफियाहरुले नम्मरी जग्गा बनाई बिक्री वितरण गरी शहर बनाइसकेका छन् । बुद्धचोकदेखि पूर्वतर्फ कान्तिपथको दायाँ-बायाँको जग्गा २०१३ सालमा त्रिभुवन विश्वविद्यालयको उक्त जग्गामा चिरान काठ राखेर पाले समेत राखेको थियो । उक्त जग्गामा काठ चिरान गर्ने ठेकेदार र त्रिवि बीच लामो समय मुद्दा चलेको थियो । पछि सबै जग्गा ठेकेदार र उसैले राखेका व्यक्तिहरुको भएको छ । पालेघर बसेको जग्गा एक टुक्रा मात्र जमिन पनि पालेघर रहेको भन्दा दक्षिणमा एकजना मासु पसलेले अद्यापि कब्जा गरेको छ । त्रिविको त्यो जग्गा पनि सम्बन्धित निकायले वास्ता गरेको छैन ।

यसरी हेटौंडा-११, थानाभऱ्याङ, राप्तीकिनारको जमिन पनि सुकुम्बासी र भूमाफियाहरुको कब्जा गरेपछि घर, घडेरीमा बिक्री भएको छ । केहि सार्वजनिक जग्गाहरुमा केहि दलका कार्यालय बनेको छ । पुराना ठूला र साना पोखरीको डिलमा एमाले कार्यालय बनेको छ भने राष्ट्रवादी खेलकुदको दुई टुक्रा जमिनमा राप्रपाको कार्यालय ठडिएको छ । यसरी अहिले हेटौँडामा केहि वडा कार्यालयहरुको घर बनाउन समेत जग्गा छैन । खोजबिन गर्ने हो भने अहिले पनि अवैध तरिकाबाट कब्जा गरिएका जग्गाहरु फेला पर्छन् । तर टाउको किन र कस्ले दुखाउने ?

राजधानीको पनि राजधानी बनेको हेटौँडामा सामान्य रोग बाहेक अरु रोग लागे काठमाडौं, भरतपुर वा वीरगन्ज दौडाउनु पर्छ । अन्यत्र लैजान नसक्नेले अकालमा ज्यान गुमाउनु पर्छ । ठूलो, राम्रो अस्पताल त छ तर विशेषज्ञ चिकित्सक छैन । यो नै हेटौँडावासीको बिडम्बना हो । यौटा कुरा त भन्नैपर्छ देश संघीयतामा गइसकेपछि स्थानीय वडाहरुमा आफ्नै वडाका जनप्रतिनिधि भएकोले हाल जेजति वडावासीहरुले सुविधा पाएको छ त्यस्मा भने जनताले सहज महसुस गरेको छ । सर्वसाधारण जनताले प्रत्यक्ष सेवा पाउने वडा कार्यालयहरु भाडाका घरहरूमा भएकोले दिन र पुऱ्याउन सक्ने जति सेवा दिन सकिरहेको छैन । वडा कार्यालयहरुको पनि आफ्नै व्यवस्थित घर र कार्यालय हुनुपर्छ । त्यसपछि जनताले आफ्नै गाउँमा सिंहदरबार भएको महसुस गर्नेछन् । प्राकृतिक रुपले रमणीय हेटौँडाको हावापानी पनि राम्रो छ ।

यहाँको तापक्रम काठमाडौंको भन्दा न्यानो र तराईको उखरमाउलो गर्मी भन्दा शितल छ । यसैले यहाँका विद्यालय र महाविद्यालयहरुमा तराई भेगका विद्यार्थीहरुको चाप थेगी नसक्नुको छ । यस कुरालाई मध्यनजर राख्दै भएका विद्यालयहरुलाई एकै ठाउँमा राखेर गुन्द्रुक कोचेझैं कोच्ने योजनाको सट्टा मौजुदा विद्यालयहरुलाई अझ व्यवस्थित र स्तरीय बनाउन तर्फ ध्यान दिनुपर्छ । इन्जिनियरिङ्ग, स्वास्थ, लगायत विज्ञान प्राविधि, सूचना प्रविधि, प्राविधिक र सीपमूलक विषयहरुमा समेत अध्ययन अध्यापन गराउने महाविद्यालयहरु खोलेर हेटौँडालाई शैक्षिक शहरको रुपमा रुपान्तरण गर्न सकिन्छ । यतातिर ध्यान किन नदिने ?

जनताबाट चुनिएका जनप्रतिनिधिहरु जुन दलबाट चुनिएको भएपनि जनताको सेवामा दलको स्वार्थ भन्दा माथि उठेर काम गर्ने संस्कार बसेको छैन । यो संस्कार नबसेसम्म देशमा परिवर्तन सम्भव छैन । अहिले दलहरूमा जनताको सामुहिक काम भन्दा एकले अर्कोलाई कसरी सिध्याउने केकाम गर्दा आर्थिक लाभ हुन्छ, चुनाव कसरी जितिन्छ, भ्रष्ट भएपनि आफ्नै पार्टीकालाई कसरी जोगाउने ? यस्तैमा हाम्रा तलदेखि माथिसम्मका नेताहरुको दिमाग खलबलिरहेको अहिले सर्वसाधारण जनताले महसुस गरेका छन् । पार्टीको आशीर्वाद प्राप्त नगरी कहिँ कसैको नियुक्ति, सरुवा र भ्रष्ट भए पनि क्षम्य हुने भएपछि ल्याकत भएपनि स्वाभिमान र आत्मसम्मान नहुनेहरु ठूला पार्टीका झोले भएका छन् । भ्रष्ट र भ्रष्ट्राचार ननिख्रने बाटोमा अहिलेका हाम्रा नेताहरू लागि रहेका छन् । आफ्नै दलका भ्रष्ट नेताहरुको विरोधमा कार्यकर्ताहरु चुँसम्म गर्न सक्दैन । देशको दूर्गतिको मुल कारण भ्रष्ट्राचार नै हो । अति खतिको बाटो हो । चोट परेपछि ढुङ्गाबाट पनि आगो निस्कन्छ । आगो बल्नु भन्दा अगाडि सबै जिम्मेवार दलहरूलाई चेतना भया ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : परीक्षा, प्रतियोगितामा सरिक भइने समय छ ।
**वृष** : धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ ।
**मिथुन** : आत्मिक आनन्दमा रमाइने समय योग छ ।
**कर्कट** : अध्ययन, अध्यापनमा मन जाने योग छ ।
**सिंह** : प्रगतिका लागि सचेत रहँदा राम्रो रहन्छ ।
**कन्या** : अध्ययन, अध्यापनमा समय बित्ला ।
**तुला** : दर्शनशास्त्रप्रति झुकाव बढ्ने समय छ ।
**वृश्चिक** : धार्मिक कार्यमा सरिक भइने योग छ ।
**धनु** : मर्यादा र सम्मानप्रति सचेत रहँदा राम्रो ।
**मकर** : प्रतिस्पर्धीहरु पराजित हुने समय योग छ ।
**कुम्भ** : प्रतिष्ठा र वर्चश्वले प्रतिक्षा गरिरहेको छ ।
**मीन** : आशावादी बनी परोपकारमा लागदा राम्रो रहन्छ ।

# नवोदयमा अंग्रेजी व्याकरण जात्रा



*व्याकरण जात्रामा सहभागी विद्यार्थीको एक समूह ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-४ स्थित नवोदय शिशु सदन माविमा कक्षा-४ देखि कक्षा-८ सम्म अध्ययन गर्ने विद्यार्थीले अंग्रेजी व्याकरणको जात्रा प्रस्तुत गरेका छन् । विद्यार्थीकै सहभागितामा गठन गरिएको नवोदय इंग्लिस क्लबको आयोजनामा अंग्रेजी व्याकरणका विभिन्न खण्डलाई फरक-फरक समूहले ९ वटा स्टलमा प्रस्तुत गरेका थिए ।

हरेक स्टलमा ३ देखि ५ जना विद्यार्थीको एउटा समूह सहभागी थिए । व्याकरणको सिकाईलाई सरल तरिकाले प्रस्तुत गर्दै प्रभावकारी सिकाई अभ्यासका लागि व्याकरण जात्राको आयोजना गरिएको नवोदय शिशु सदनले जनाएको छ । मंगलबार विद्यालयको खेलस्थलमा राखिएको स्टलमा विद्यालयका विद्यार्थी र केही अभिभावकले अवलोकन गरेका थिए । अंग्रेजी व्याकरणको जात्रा पहिलो पटक आयोजना गरिएको हो ।

शिक्षकको निर्देशन र सहजीकरणमा विद्यार्थीले एक साताको अवधिमा आआफ्ना प्रस्तुती तयार पारेका थिए । नवोदय इंग्लिस क्लबकी अध्यक्ष कृष्ता चौलागाईले व्याकरणको बुझाई र बुझेका कुरा प्रस्तुतीका लागि व्याकरण जात्रा प्रभावकारी भएको बताउनुभयो । नवोदय इंग्लिस क्लबकी उत्प्रेरक शिक्षक काजल कुमारी मिश्रले क्रियाकलापमा आधारित भएर विद्यार्थीलाई प्रभावकारी सिकाईका लागि व्याकरण जात्राको आयोजना गरिएको बताउनुभयो ।

प्रस्तुतीका आधारमा विद्यालयले अंग्रेजी विषयका विज्ञ शिक्षकहरुबाट मूल्यांकन गरेर पुरस्कृत समेत गरिएको थियो । विज्ञ शिक्षकको मूल्यांकनबाट कक्षा-४ का विद्यार्थीको समूह प्रथम तथा कक्षा ८ को समूहको प्रस्तुती दोस्रो घोषित गरिएको उप्रेरक शिक्षक काजल कुमारी मिश्रले जानकारी दिनुभयो । प्रथम र द्वितीय हुने समूहलाई पुरस्कारस्वरुप शैक्षिक सामग्री प्रदान गरिएको छ ।

# वक्तृत्वकलामा सुप्रिया प्रथम

समाज संवाददाता

हेटौंडा : सहिद सप्ताह २०८१ को अवसरमा मंगलबार वक्तृत्वकला प्रतियोगिता भएको छ । सहिद स्मारक विकास समितिको आयोजना तथा मदन भण्डारी फाउण्डेसन मकवानपुरको व्यवस्थापनमा प्रतियोगिता भएको हो ।

मदन भण्डारी फाउण्डेसन मकवानपुरका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा भएको वक्तृत्वकला प्रतियोगिता सहिद स्मारक विकास समितिका अध्यक्ष एवम् बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो । 'लोकतन्त्र प्राप्तिका लागि राजनीतिक दलहरुको भूमिका' विषयक नगरस्तरीय बाल क्लबहरुको सहभागितामा भएको प्रतियोगितामा विभिन्न वडाका १२ जनाको सहभागिता रहेको थियो ।

प्रतियोगितामा सुप्रिया मोक्तान प्रथम, आदित्य पराजुली दोस्रो, सुनिल न्यौपाने तेस्रो र सपना बर्तौला सान्त्वना भएको प्रतियोगिता संयोजक कुमार केसीले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम हुनेलाई नगद १० हजार पाँच, द्वितीय हुनेलाई नगद ७ हजार पाँच, तृतीय हुनेलाई ५ हजार पाँच र सान्त्वना हुनेलाई एकहजार पाँच रुपैयाँ पुरस्कार प्रदान गरिएको थियो ।

# स्कुटरको ठक्करबाट पैदलयात्रीको मृत्यु

समाज संवाददाता

हेटौंडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-१६, विजयनगरचोकमा स्कुटरको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । मंगलबार साँझ ६ बजेर २० मिनेटको समयमा नयाँबस्तीबाट बिजयनगरतर्फ जाँदै गरेको ना ५७ प १९४१ नम्बरको स्कुटरले पैदलयात्री घाइते भएको प्रहरीले जानकारी दिएको छ ।

स्कुटरको ठक्करबाट विजयनगरकी ८१ वर्षीया नन्दकला पौडेल गम्भीर घाइते भएकी थिइन् । घाइते पौडेललाई उपचारका लागि चितवन मेडिकल कलेज लगिएको थियो । उपचारको क्रममा बुधबार बिहान पौडेलको मृत्यु भएको प्रहरीले जनाएको छ ।

स्कुटर चालक भरतपुर महानगर पालिका-१७ का ३९ वर्षीय टंकप्रसाद सापकोटालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# रोट्र्याक्ट क्लबद्वारा राक्सिराङमा कपडा वितरण

समाज संवाददाता

हेटौंडा: मकवानपुरको राक्सिराङ गाउँपालिकामा कपडा वितरण गरिएको छ । बुधबार रोट्र्याक्ट क्लब अफ हेटौंडाले एनआइसीएसँगको सहकार्यमा गर्मी तथा जाडो यामका लागि उपयोगी कपडा वितरण गरेको हो ।

गाउँपालिकाको वडा नम्बर-३ स्थित घट्टेखोलामा बालबालिका, महिला र वृद्धवृद्धालाई लक्षित गर्दै कपडा वितरण गरिएको छ । कपडा वितरण कार्यक्रममा रोटरी क्लब अफ हेटौंडाको पनि सहयोग रहेको बताइएको छ ।

विद्यालयमा अध्ययनरत बालबालिका र अन्य गरी ५५ जनालाई कपडा सहयोग गरेको एनवाइसीएकी संयोजक प्रतीक्षा पौडेलले जानकारी दिनुभएको छ । आगामी दिनमा रोट्र्याक्ट क्लब अफ हेटौंडाले शैक्षिक सामग्री वितरण गर्ने उहाँले बताउनुभयो । आफूहरुले जाडोयामका साथै गर्मीयामलाई पनि हुने कपडाहरु वितरण गरेको उहाँले जानकारी दिनुभयो । गाउँपलिकाको २५ घरधुरीमा कपडा वितरण गरिएको उहाँको भनाइ छ ।

# सोनाम ल्होसारको अवसरमा साँस्कृतिक कार्यक्रम हुँदै

समाज संवाददाता

हेटौंडा : आगामी फागुन २ गते हेटौंडा-१३, पदमपोखरीमा सोनाम ल्होसारको अवसरमा वृहत साँस्कृतिक कार्यक्रम हुने भएको छ । सोनाम ल्होसार वृहत साँस्कृतिक मूल समारोह समितिको आयोजनामा हेटौंडा-१३, ठूलोथली गुम्बाडाँडामा कार्यक्रम हुने भएको हो । बुधबार पत्रकार सम्मेलनको आयोजना गर्दै वृहत साँस्कृतिक मूल समरोह समितिका संयोजक मदनकुमार बलले कार्यक्रमको बारेमा जानकारी दिनुभयो ।

कार्यक्रमका संयोजक बलका अनुसार तामाङ समुदायको संस्कृति, धर्म, संस्कार र परम्परालाई प्रवर्द्धन गर्नका लागि साँस्कृतिक कार्यक्रमको आयोजना गर्न लागिएको हो । झाँकी, ऱ्याली, बाजागाजासहित स्थानीय कलाकारको प्रस्तुती गर्न लागिएको उहाँले बताउनुभयो । विगतका वर्षदेखि साँस्कृतिक कार्यक्रमको आयोजना गर्दै आएको समितिले हेटौंडा-१३ मा पिछडिएको ठाउँलाई अगाडि बढाउँदै तामाङ जातिको वस्ती भएको स्थानको पहिचान गराउने उद्देश्य लिएको उहाँले बताउनुभयो । साँस्कृतिक कार्यक्रममा विभिन्न खाद्यान्न वस्तुहरुको २५ वटा स्टलहरु रहने उहाँले बताउनुभयो ।

५ हजारको हाराहारीमा दर्शकहरुको उपस्थिति रहने आयोजकको अनुमान रहेको छ । कार्यक्रमका लागि हेटौंडा उपमहानगरपालिकाले २ लाख रुपैयाँ सहयोग गरेको छ भने वडा कार्यालयले १ लाख रुपैयाँ सहयोग गरेको बताइएको छ । साँस्कृतिक कार्यक्रम सम्पन्न गर्नका लागि ९ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ । पत्रकार सम्मेलन १३ नम्बरका वडा सदस्य उत्तम गोङ्बा, उपसंयोजक बुद्धि लामा गोले, सदस्य जनक गोले, निरज गुरुङ, पूर्व संयोजक संगीता वाइबा, सदस्य विजय गोलेको उपस्थिति रहेको थियो ।

# सहिद दिवसको अवसरमा प्रभातफेरी

समाज संवाददाता

हेटौंडा: सहिद दिवसको अवसरमा हेटौंडामा प्रभातफेरी कार्यक्रम आयोजना गरिएको छ । बुधबार आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजना तथा हेटौंडा-११ स्थित सहिद स्मारक विकास समितिको व्यवस्थापनमा प्रभातफेरी कार्यक्रम आयोजना गरिएको हो ।

पूर्वपश्चिम राजमार्गस्थित सहिद स्मारकको गेटबाट सहिद स्मारकसम्म प्रभातफेरी भएको थियो । प्रभातफेरी पछि सहिदको मूर्तिमा सलामीसहित माल्यार्पण गरिएको सहिद स्मारकका व्यवस्थापक रामचन्द्र न्यौपानेले जानकारी दिनुभएको छ । माघ १० गतेबाट सुरु भएको सहिद सप्ताह कार्यक्रम अन्तर्गत सहिद दिवसको दिन समापनसहित माल्यार्पण गरिएको व्यवस्थापक न्यौपानेले बताउनुभयो ।

सहिद सप्ताह कार्यक्रमको पहिलो दिन झण्डोतोलन, दोस्रो दिन सम्मान कार्यक्रम, तेस्रो दिन स्मारकमा सरसफाइ, चौथो दिन रक्तदान कार्यक्रम, पाचौं दिन लखन थापाको प्रतिमामा श्रद्धाञ्जली व्यक्त गरिएको थियो । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेको सभाध्यक्ष तथा बागमती प्रदेश प्रमुख दीपक देवकोटाको प्रमुख आतिथ्यमा श्रद्धाञ्जली अर्पण कार्यक्रम भएको हो । कार्यक्रममा प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा, प्रथम मुख्यमन्त्री तथा सहिद स्मारक विकास समितिका अध्यक्ष डोरमणि पौडेलगायतको आतिथ्य रहेको थियो ।




# प्राथमिक उपचार तालिम सम्पन्न

समाज संवाददाता

हेटौंडा: लायन्स क्लबको आयोजनामा प्राथमिक उपचारसम्बन्धी तालिम प्रदान गरिएको छ । नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा ३ दिने प्राथमिक उपचारसम्बन्धी तालिम सञ्चालन गरिएको हो ।

प्रत्येक समूहमा २० जनाको दरले ३ वटा समूहलाई तालिम दिइएको बताइएको छ । तालिमलाई सुजन बिकले सहजीकरण गर्नुभएको हो । हातखुट्टामा लाग्ने घाउचोट, नाकबाट हुने रक्तस्राव, झाडापखाला, बाढी पहिरोजस्ता विपदमा तत्काल अपनाउनु पर्ने सावधानी र गरिने प्राथमिक उपचारका बारेमा प्रशिक्षण दिइएको हो । तीनै चरणको तालिममा सहभागीलाई बुधबार प्रमाणपत्र प्रदान गरिएको छ ।

लायन्स क्लब डिस्ट्रिक ३२५ का एरिया चिफ श्याम गुप्ताको सभाध्यक्ष तथा डिस्ट्रिक गभर्नर टासी डोल्मा तुम्बाहाम्फेको प्रमुख आतिथ्यमा प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै तुम्बाहाम्फेले आपतकालीन उपचार समाजमा मात्र नभई आफ्नो परिवारमा पनि काम लाग्ने बाताउनु भयो । बाढी, पहिरो, भूकम्पजस्ता विपद्मा लायन्स क्लबले राहत दिने गरेको भए पनि विपद्मा परेका मानिसको प्राथमिक उपचार गर्न नसक्दा उद्दारमा समस्या भएकाले तालिम सञ्चालन गरिएको उहाँको भनाइ छ ।

## फ्ल्याट भाडामा चाहियो ?

आवासीय प्रयोजनका लागि फ्ल्याट चाहिएको छ भने तुरुन्त सम्पर्क गर्नुहोला । हेटौंडा-५, भैरवरोड (भैरवमन्दिरबाट पूर्वतर्फ १०० मिटरभित्र) स्थित ३ तल्ले भवनको भुइँ तल्लाको फ्ल्याट एउटा लिभिङ रुम, २ वटा बेडरुम, किचेन र एट्याच बाथरुम भएको फ्ल्याट रहेकोले आवश्यक परिवारले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क**

९८२०७१७२२४/९८४५६१८२८४

## सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

*प्रकाशित मिति : २०८१/१०/१७*

**आयोजनाहरूको नाम:**

१) मनहरीखोला मनहरी ७ र ८, मकवानपुर (१) मनहरी खोला प्याकेज-१ (IEE), मनहरी ७ र ८, मकवानपुर, २) मनहरी खोला प्याकेज-२ (IEE), मनहरी ७ र ८, मकवानपुर ३) मनहरी खोला प्याकेज-३ (IEE), मनहरी ७ र ८, मकवानपुर, ४) मनहरी खोला प्याकेज-४ (IEE), मनहरी ७ र ८, मकवानपुर) -प्रारम्भीक वातारणीय परीक्षण (IEE) बागमती प्रदेश अन्तर्गत पर्ने मकवानपुर जिल्लाको मनहरी गाउँपालिकामा यस गाउँपालिकाको कार्यालयद्वारा प्रस्तावित माथि उल्लेख गरिएका खोला नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) उत्खनन् तथा संकलनका लागि वातावरण संरक्षण नियमावली, २०७७ अनुसारको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयारीको सिलसिलामा सरोकारवाला व्यक्ति वा संस्थाहरुको राय सुझाव संकलनका निम्न स्थान र मितिमा सार्वजनिक सुनुवाइ कार्यक्रम हुने भएकोले उक्त कार्यक्रममा उपस्थिति भई राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने स्थान**

१) मनहरीखोला मनहरी ७ र ८, मकवानपुर, मनहरी ८ मनहरी खोलाको बगरमा
मिति २०८१/१०/२० गते दिनको १:०० बजे
प्रस्तावक मनहरी गाउँपालिका, रजैयाँ, मकवानपुर
परामर्शदाता- श्री सिस्टमेटीक इन्जिनियरीङ्ग एसोसियट्स कन्सल्टेन्सी प्रा.लि., काठमाडौं १४, कलंकी फोन : ९८५११९८२२८,
ईमेल : sea.onsultancy.pvt.ltd@gmail.com

## हेटौंडा आईडल

Construction Expo-2

निर्माण ब्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौर मा दोश्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१ हुन गईरहेको छ । सोही अवसरमा **हेटौंडा आईडल** गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागनु २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ ।

**सम्पर्क :**

*निर्माण ब्यवसायी संघ, मकवानपुर* । हेटौंडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

**ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
- थाईराईड
- क्यान्सर
- रक्तअल्पता
- वाथरोग
- बाँझोपन
- भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**


**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**

मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६
स्थान: हेटौंडा-१ राप्तीरोड मकवानपुर

# कमाने प्रिमियर लिग क्रिकेट सुरु



समाज संवाददाता

हेटौंडा: कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिता बुधबारबाट सुरु भएको छ। हेटौंडा-८ स्थित कमानेमा तेस्रो संस्करणको कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिता सुरु भएको हो।

चन्द्रोदय माध्यमिक विद्यालयको चौरमा भएको प्रतियोगिताको उद्घाटन क्लबका अध्यक्ष किशोर खत्रीको सभाध्यक्ष तथा हेटौंडा-८ वडाध्यक्ष रामकृष्ण थापाको प्रमुख आतिथ्यमा भएको हो। प्रतियोगिताको उद्घाटन खेलमा कमाने राइनोजले विजयी सुरुवात गरेको छ। कमाने राइनोजले कमाने राइडर्सलाई ८ विकेटले पराजित गरेको छ।

कमाने राइडर्सले टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको थियो। पहिले ब्याटिङ गरेको राइडर्सले निर्धारित १० ओभरमा ५ विकेटको क्षतिमा ७० रन बनाएको थियो। जवाफी ब्याटिङमा उत्रिएको कमाने राइनोजले ६ ओभरमा २ विकेट गुमाएर कमाने राइडर्सले दिएको लक्ष्य भेट्टायो।

दोस्रो खेलमा कमाने बुल्सले जित निकालेको छ। कमाने बुल्सले कमाने रोयल्सलाई ९ विकेटले पराजित गरेको हो। टस हारेर पहिलो ब्याटिङ गरेको कमाने रोयल्सले निर्धारित १० ओभरमा ४ विकेट गुमाएर १ सय ११ रन बनाएको थियो। जवाफी ब्याटिङ गरेको कमाने बुल्सले १ विकेटको क्षतिमा रोयल्सले दिएको लक्ष्य भेट्टाएको थियो।

बुधबार नै भएको तेस्रो खेलमा कमाने टाइगरले जित निकालेको छ। टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको कमाने हन्टर्सले निर्धारित १० ओभरमा ५ विकेट गुमाएर ५८ रन बनाएको थियो। जवाफी ब्याटिङमा उत्रिएको टाइगरले १ विकेटको क्षतिमा ९ ओभरमा लक्ष्य पूरा गरेको हो।

चौथो खेलमा कमाने बुल्सले कमाने राइडर्सलाई ४ विकेटले पराजित गरेको छ भने पाचौँ खेलमा कमाने राइनोजलाई ८८ रनले कमाने रोयल्सले पराजित गरेको छ। अन्तिम तथा छैटौं खेलमा कमाने टाइगरले जित निकालेको छ। कमाने लायन्सलाई ८ विकेटले हराउँदै कमाने टाइगरले जीत निकालेको हो।

पहिलो खेलको म्यान अफ द म्याच कमाने राइनोजका सुजन चौलागाईं र दोस्रो खेलको म्यान अफ द म्याच कमाने बुल्सका विष्णु राउत घोषित भए। तेस्रो खेलको म्यान अफ द म्याच कमाने टाइगरबाट सञ्जीव थापा भए। पाचौँ र छैटौं खेलको म्यान अफ द म्याच क्रमशः गौरव खड्का र समीर थापा घोषित भए। म्यान अफ द म्याचले एक हजार रुपैयाँ र ट्रफी प्राप्त गरेका छन्। म्यान अफ द म्याचको पुरस्कार इ प्लानेटका ब्रान्च म्यानेजर सुमनराज भट्टराईले सौजन्य गर्नुभएको छ।

प्रतियोगिता आयोजनाका लागि ८ नम्बर वडा कार्यालयले २ लाख रुपैयाँ बजेट छुट्याएको छ। प्रतियोगिताका लागि प्रथम पुरस्कार जनकपुर बोल्ट्सका मालिक उत्सव सिग्देलले प्रायोजन गर्नुभएको छ। प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिताको सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट ब्याट्सम्यान र सर्वोकृष्ट बलरलाई पनि पुरस्कार प्रदान गरिने जनाइएको छ। गतवर्ष भएको दोस्रो संस्करणको कमाने टी-१० प्रिमियर लिग क्रिकेट प्रतियोगिताको उपाधि कमाने राइडर्सले जितेको थियो। प्रतियोगितामा ८ वटा टिमहरुको सहभागिता रहेको छ।

## वडाध्यक्ष कप भलिबल सुरु

# उद्घाटन खेलमा वडा-११ को विजयी

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१२ मा वडाध्यक्ष कप पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ। वडा खेलकुद विकास समितिको आयोजनामा बुधबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन वडाध्यक्ष अर्जुनप्रसाद तिवारीले गर्नुभएको हो।

पदमपोखरीको बुद्ध माध्यमिक विद्यालयको भलिबल कोर्टमा भएको प्रतियोगिताको पहिलो खेलमा हेटौंडा-११ ले विजयी सुरुवात गरेको छ। हेटौंडा-१९ लाई ३-० को सोझो सेटले हराउँदै हेटौंडा-११ ले विजयी सुरुवात गरेको हो। हेटौंडा-११ ले हेटौंडा-१९ लाई २५-२१, २५-१२ र २५-२१ ले पराजित गरेको छ।

बुधबारै भएको दोस्रो खेलमा हेटौंडा-१५ विजयी भएको छ। हेटौंडा-६ लाई ३-० को सोझो सेटले हराउँदै हेटौंडा-१५ विजयी भएको हो। हेटौंडा-६ लाई हेटौंडा-१५ ले २५-१२, २५-१५ र २५-१५ ले हराएको छ।

प्रतियोगिता अन्तर्गत बिहीबार समूह चरणको ३ खेलहरु सञ्चालन हुनेछ। पहिलो खेलमा हेटौंडा-१३ र हेटौंडा-१२ को टिमबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा हेटौंडा-६ र हेटौंडा-१५ बीच प्रतिस्पर्धा हुनेछ। यस्तै, तेस्रो खेलमा हेटौडा-१७ र हेटौंडा-१९ को टिमबीच प्रतिस्पर्धा हुनेछ। खेल बिहान १० बजेबाट सुरु हुनेछ।

माघ १९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा ७ वटा टिमको सहभागिता रहेको प्रतियोगिताका संयोजक मनोज लामा स्याङ्तानले जानकारी दिनुभएको छ। प्रतियोगिता आयोजनाका लागि वडा कार्यालयले एक लाख २५ हजार रुपैयाँ बजेट विनियोजन गरेको उहाँले बताउनुभयो। प्रतियोगिता सम्पन्न गर्नका लागि करिब ३ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। प्रथम पुरस्कार राशि हेटौंडा-१० स्थित नारायणी कलेजले प्रायोजन गर्ने भएको छ। यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि ट्रफी र नगद पुरस्कारको व्यवस्था गरिएको छ।

१२ नम्बर वडा खेलकुद विकास समितिका संयोजक दिनेश चौलागाईंको सभाध्यक्षमा भएको उद्घाटन समारोहमा नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्रप्रसाद घिमिरे, सदस्य विजय गौतम, नारायणी कलेजका प्राचार्य रघुनाथ खराल, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, मकवानपुर जिल्ला खेलकुद विकास समितिका सदस्य मदन उप्रेतीलगायतको आतिथ्य रहेको थियो।

# राक्सिराङको राष्ट्रपति रनिङ शिल्ड सूर्योदय माविलाई

समाज संवाददाता

हेटौंडा: राक्सिराङ गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि वडा-३ स्थित सूर्योदय माध्यमिक विद्यालयले जितेको छ। १२ स्वर्ण, ८ रजत र ३ कास्य पदकसहित सूर्योदय बिजेता बनेको हो।

प्रतियोगितामा वडा नम्बर-६, सिलिङ्गेस्थित राष्ट्रिय माध्यमिक विद्यालयले दोस्रो स्थान हासिल गरेको छ। १० स्वर्ण, ७ रजत र ७ कास्य पदसहित राष्ट्रिय मावि दोस्रो भएको हो। यसैगरी ४ स्वर्ण, २ रजत र १ कास्य पदक प्राप्त गर्दै वडा नम्वर-८ स्थित माध्यमिक विद्यालय देवीटार तृतीय भएको छ।

पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा ९ वटा विद्यालयको सहभागिता रहेको थियो। माध्यमिक तहका ६ वटा र आधारभूत तहका ३ वटा विद्यालयको सहभागिता रहेको हो। आधारभूत तहका विद्यालयका लागि १ सय मिटर रिले दौड, लङजम्प, सटपुटलगायतका खेल आयोजना गरिएको थियो। आधारभूततर्फ वडा नम्बर -२ स्थित प्रजाप्रगति आधारभूत विद्यालय, कुढुलो प्रथम भएको छ। प्रथम हुने विद्यालयले ७ स्वर्ण, २ रजत र २ कास्य पदक प्राप्त गरेको छ। वडा नम्बर-४ स्थित आधारभूत विद्यालय, देवीटारले दोस्रो र वडा नम्बर-७ स्थित दाम्राङ आधारभूत विद्यालयले तेस्रो स्थान हासिल गरेको छ।

प्रतियोगितामा मार्चपासमा उत्कृष्ट हुने सूर्योदय माध्यमिक विद्यालयलाई नगद ५ हजार प्रदान गरिएको छ। प्रतियोगिताको व्यवस्थापन पनि सूर्योदय माविले गरेको थियो। गतवर्ष प्रतियोगितामा भाग लिएका सूर्योदय माध्यमिक विद्यालय, प्रजा जागृत माध्यमिक विद्यालय, राष्ट्रिय माध्यमिक विद्यालय लगायत ४ विद्यालयलाई प्रतियोगिता तयारीका लागि गाउँपालिकाले १ लाख रुपैयाँ दिने निर्णय गरेको थियो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विदामा बस्नुभएकाले रकम उपलब्ध गराउन ढिलाई भएको शिक्षा अधिकृत पंकज अधिकारीले जानकारी दिनुभयो।

प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम पालिकाका उपाध्यक्ष वनस्तम थिङको सभाध्यक्ष तथा गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको प्रमुख आतिथ्यमा सञ्चालन गरिएको थियो।

## विस्तारै स्कुटी चलाउन सिर्जना प्रथम

# शिक्षक दौडमा चौलागाई प्रथम



विस्तारै स्कुटी चलाउने प्रतियोगिता र दौड प्रतियोगितामा विजयी शिक्षकहरु।

समाज संवाददाता

हेटौंडा : सहिद दिवशको अवसरमा हेटौंडा-४ नम्बर वडाको आयोजनामा मंगलबार महिला शिक्षकको बिस्तारै स्कुटी चलाउने प्रतियोगिता र पुरुष शिक्षकतर्फ दौड प्रतियोगिता भएको छ। नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरको व्यवस्थापनमा प्रतियोगिता भएको हो।

विस्तारै स्कुटी चलाउने प्रतियोगितामा हेटौंडा-१४ स्थित भृकुटी माविकी सिर्जना थिङ प्रथम हुनु भएको छ। प्रतियोगितामा हेटौंडा-७ स्थित तासिर इंग्लिस सेकेण्डरी स्कूलकी एन्जिला रिजाल द्वितीय, हेटौंडा-४ स्थित ब्रह्मदिक् एकेडेमीकी श्रद्धा शर्मा तृतीय र हेटौंडा-४ कै भुटनदेवी माविकी सरस्वती अधिकारी सान्त्वना हुनुभएको छ। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र चौथो हुनेले क्रमशः ८ हजार, ६ हजार, ४ हजार र २ हजार रुपैयाँसहित प्रमाण पत्र प्रदान गरिएको छ। हेटौंडा-४, हुप्रचौरमा एक सय मिटर दूरीमा विस्तारै स्कुटी चलाउने प्रतियोगिता भएको हो। प्रतियोगितामा ७५ जना महिला शिक्षकको सहभागिता रहेको थियो।

यस्तै जिल्लास्तरीय पुरुष शिक्षक दौड प्रतियोगितामा मकवानपुरगढी गाउँपालिका-३, मक्रान्चुलीमा रहेको भानु माध्यामिक विद्यालयका शिक्षक मुकेश चौलागाई प्रथम हुनुभएको छ। दौड प्रतियोगितामा भानु माविकै दुर्लभ कुमार दुलाल द्वितीय, राक्सिराङको श्री आधारभूत विद्यालयका खड्ग बहादुर थिङ तृतीय हुनुभएको छ। हेटौंडा-३ मा रहेको बाल उज्ज्वल माविका रामशरण दहाल चौथो र भानु माविका मनमोहन देवकोटा सान्त्वना हुनुभएको छ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, चौथो र सान्त्वना हुनेले क्रमशः १० हजार, ८ हजार, ६ हजार, ४ हजार र २ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको छ। दौड प्रतियोगितामा ५० जना शिक्षकको सहभागिा रहेको थियो। दौड शितलमहल चोकबाट सुरु भएर भैरवरोड, पशुपति मन्दिर हुँदै पुनः शितल महल चोकमा आएर समाप्त भएको थियो। दौड प्रतियोगिता तीन किलोमिटरको रहेको थियो। नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष मुकुन्द न्यौपानेको अध्यक्षता तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको हो।

# वार्षिक परीक्षा र खेलकुदका उत्कृष्ट विद्यार्थी पुरस्कृत

समाज संवाददाता

हेटौंडा: हेटौंडा-७, नागस्वतीस्थित तासिर इङ्ग्लिस सेकेन्डरी बोर्डिङ स्कूलले वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत गरेको छ। बुधबार विद्यालय परिसरमा एक समारोहका बीच वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत गरिएको हो।

विद्यालयले २०८० सालको वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार प्रदान गरेको प्रिन्सिपल विनोद थपलियाले जानकारी दिनुभएको छ। वार्षिक परीक्षामा सहभागी भएका कक्षा १ देखि कक्षा-९ सम्मका एक हजार ५३ विद्यार्थीमध्ये ४० जनालाई पुरस्कृत गरिएको उहाँले बताउनुभयो।

यस्तै, बोर्डिङले आयोजना गरेको वार्षिक खेलकुद कार्यक्रममा सहभागी भएर वर्षको उत्कृष्ट सदन बन्न सफल भएको रातो सदनका विद्यार्थीलाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ। कक्षा नर्सरीदेखि कक्षा १० सम्मका पहेँलो सदन, निलो सदन, रातो सदन र हरियो सदनबाट वार्षिक खेलकुद प्रतियोगितामा सहभागी भएका १ हजार २ सयभन्दा बढी विद्यार्थीमध्ये ८ सय जनालाई स्वर्ण, रजत र काँस्य पदकसहित प्रमाणपत्र प्रदान गरिएको उहाँले बताउनुभयो।

वार्षिक खेलकुदमा फुटबल, भलिबल, तेक्वान्दो, एथ्लेटिक्सलगायत विभिन्न प्रकारका खेलहरु सञ्चालन भएको थियो। विद्यार्थीले वर्षभरी खेलेको खेललाई प्रतिस्पर्धात्मक ढंगमा उतारेर कला प्रदर्शनी गराउनका लागि खेलकुद कार्यक्रम आयोजना गरेको प्रिन्सिपल थपलियाले स्पष्ट पार्नुभयो। शुक्रबारबाट हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा सुरु भएको वार्षिक खेलकुद मंगलबारसम्म सञ्चालन भएको हो। प्रतियोगिताको विजेताहरुलाई बुधबार विद्यालय परिसरमा मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-५ का वडाध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्य तथा विद्यालय व्यवस्थापन समितिका सदस्य रामहरि कार्कीको सभाध्यक्षमा कार्यक्रमको समापन समारोह भएको हो। समापन समारोहमा बोर्डिङका संस्थापक राजन थापा, मकवानपुर जिल्ला रग्बी संघका अध्यक्ष लीला घनाल अन्तर्राष्ट्रिय भलिबल खेलाडी चुडाकुमारी खड्का, जिल्ला भलिबल संघका उपाध्यक्ष शंकर कार्कीलगायत शिक्षक कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# ब्रह्मदिक एकेडेमीमा खेलकुद सप्ताह




वार्षिक खेलकुद कार्यक्रमको उद्घाटन समारोहअघि झाँकीसहितको र्‍याली।

समाज संवाददाता

हेटौंडा: हेटौंडा-४ स्थित ब्रह्मदिक् एकेडेमीको वार्षिक खेलकुद सप्ताहको उद्घाटन समारोह सम्पन्न भएको छ। गत सोमबारदेखि नै सप्ताहव्यापी खेलकुद कार्यक्रमको सुरुवात भए पनि बुधबार औपचारिक रुपमा उद्घाटन समारोह भएको हो। हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा ५ नम्बर वडा अध्यक्ष सुशील घिमिरेले खेलकुद सप्ताहको उद्घाटन गर्नुभयो।

बुधबार विद्यालयदेखि पिप्ले-क्याम्पा रंगशालासम्म साँस्कृतिक झाँकीसहित विद्यार्थीको र्‍याली निकालिएको थियो। विद्यार्थीहरु विभिन्न जातीय पोशाकमा सजिएका थिए। आगामी आइतबारसम्म सञ्चालन हुने वार्षिक खेलकुद कार्यक्रममा सबै विद्यार्थीको सहभागिता रहने गरी विविध खेलकुद समावेश गरिएको प्रिन्सीपल रामबाबु सापकोटाले जानकारी दिनुभयो। उद्घाटन समारोहमा निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) हेटौंडा उपमहानगर समितिका अध्यक्ष रामकुमार श्रेष्ठ, सचिव सुदीप राज गिरीको पनि आतिथ्य रहेको थियो। १० कक्षासम्म पठनपाठन हुने ब्रह्मदिक् एकेडेमीमा ८ सय ५० जना विद्यार्थी अध्ययनरत छन्।

# सडकबाट लडेर ओलीको मृत्यु

समाज संवाददाता

हेटौंडा: दोलखा जिल्लाको बिगु गाउँपालिका-४, मलदुङ्ग डबलीमा सडकबाट लडेर एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ६५ वर्षीय ताराबहादुर ओली रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। मंगलबार राति १० बजेको समयमा ओली आफ्नै घरको आँगनको डिलबाट २० फिट तल सडकको नालीमा लडेर मृत अवस्थामा फेला परेका थिए। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि पशुपति चौलागाई स्मृति अस्पताल चरिकोट लगिएको प्रहरीले जानकारी दिएको छ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ